१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**सांस्कृतिक विविधताको सम्मान गरौं ।**

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।
- "सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १२८ ॥ २०८२ असार ०३ गते मंगलबार (17th June 2025 Tuesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

## हात्ती-मानव द्वन्द्व

# एकै दिन दुईवटा हात्ती मृत फेला

झापा(प्रस) ।पूर्वमा एकैदिन दुईवटा जंगली हात्ती मृत फेला परेका छन् ।

झापाको मेचीनगर र सुनसरीको बराहक्षेत्रमा एक-एक वटा हात्ती मृत फेला परेका हुन् । झापाको मेचीनगर-१ स्थित तिरिङ आसपासमा एउटा जंगली हात्ती मृत फेला परेको हो । डिभिजन वन कार्यालय झापाका अनुसार पूर्ण वयस्क भइनसकेको पोथी हात्ती मकैबारीमा मृत फेला परेको हो । डिभिजन प्रमुख भरतबाबु श्रेष्ठले जंगली हात्ती मृत फेला परेको र उक्त स्थानमा डिभिजन वन कार्यालयको टोली पुगिसकेको बताए । उनका अनुसार उक्त हात्ती सोमवार अथवा आइतवार मरेको हुन सक्ने आँकलन गरिएको छ ।

'हात्ती मृत फेला परेको हो । हाम्रो टिम पुगिसकेको छ ' उनले भने, 'हात्ती मृत्युको कारण भने खुलेको छैन । आवश्यक अनुसन्धानपछि मृत्युको कारण बारे थाहा हुनेछ ।' यसअघि जेठ १९ गते राति कमल गाउँपालिका वडा नं-३ मा रहेको रतुवामाई बृक्षरोपण आयोजनाको जंगलमा करेन्ट लागेर हात्ती मरेको थियो । त्यसको दुई साताअघि जेठ ७ गते बुद्धशान्ति-५ को पाँचपोखरी सामुदायिक वनमा जंगली हात्ती मृत फेला परेको थियो ।

योसंगै यस आर्थिक वर्षमा झापामा चारवटा



जंगली हात्ती मरेका छन् । गत आर्थिक वर्षमा पनि जिल्लामा ४ वटा हात्ती मृत फेला परेका थिए । त्यस्तै यस आर्थिक वर्षमा हात्तीको आक्रमणमा परी झापामा चार जनाको ज्यान गइसकेको छ ।

त्यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका २ रेल्वे लाइन बस्ने प्रल्हाद थापा र मिना राईको मकैबारीको सिमाना आलीमा एउटा जंगली हात्ती मृत फेला परेको छ । उक्त भाले हात्तीको आइतवार राति मृत्यु भएको हुन सक्ने इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ ।

हात्तीको सुँडमा गम्भीर चोट लागेको अवस्थामा सोमवार बिहान शव भेटिएको जनाइएको छ ।

घटनास्थलमा इलाका प्रहरी कार्यालय र डिभिजन वन कार्यालयको टोली पुगेर अनुसन्धान सुरु गरेको छ । पछिल्लो समय पूर्वी तराईमा मानव र हात्तीको द्वन्द्व बढेको छ । मानिसले कहिले हात्ती मार्ने र हात्तीले पनि मानिस मार्ने क्रम बढेको हो । यता सोमवार बिहान ४:३५ बजे मेचीनगर नगरपालिका १ दुर्जन चोक बस्ने ६८ वर्षीय पूर्णबहादुर श्रेष्ठ जंगली हात्तीको आक्रमणबाट घाइते भएका छन् । आफ्नै बारीमा आएको एकल जंगली हात्तीलाई लखेट्ने क्रममा उक्त हात्तीले श्रेष्ठलाई आक्रमण गरेको थियो । घाइतेलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।

यसैबीच सोमवार दिउँसो पनि मेचीनगर-२ मा जंगली हात्तीको बथान नै पसेको छ । जसका कारण मेचीनगर बाहुनडाँगीका स्थानीय नागरिक त्रसित छन् । बिहानदेखि नै मेचीनगर-२ स्थित मगर डाँडामा भने २० वटाभन्दा बढी जंगली हात्ती डुलिरहेका छन् । उक्त हात्ती चिया बगान, बाँसघारी लगायतका स्थानमा छलिँदै भौंतारिरहेको स्थानीय प्रबिन चापागाईले जानकारी दिए ।

## 'कांग्रेसको १५ औं महाधिवेशन २०८३ भदौमा'

विर्तामोड । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टीको १५ औं महाधिवेशन २०८३ भदौमा सम्पन्न हुने बताएका छन् । नेपाली कांग्रेस झापाको विस्तारित बैठकलाई सोमबार सम्बोधन गर्दै शर्माले २०८२ फागुनबाट पार्टीका तहगत समितिहरुको अधिवेशन शुरु भई भदौमा महाधिवेशन हुने बताएका हुन् । लोकतन्त्रको स्थापनापछि कांग्रेसको नेतृत्वमा भएका विकास निर्माण र समृद्धिको प्रचार गर्न पार्टीले नसकेको तर, अन्य दलले साना उपलब्धीलाई समेत ठूलो आवाजमा प्रस्तुत गर्ने गरेको टिप्पणी गरे ।

लोकतन्त्र आएपछि केही भएन भनेर नकारात्मक टिप्पणी मात्रै नगर्न आग्रह गर्दै महामन्त्री शर्माले शिक्षा, स्वास्थ्य, सूचना-सञ्चार एवं सडक सञ्जाल, विद्युत विस्तारमा उल्लेखनीय प्रगति भएको दावी गरे ।

कांग्रेस झापाको पुनर्निर्माण भइरहेको पार्टी कार्यालयलाई आधुनिकीकरण गर्न सबैको सहयोग आवश्यक रहेको बताउँदै आफूले सक्दो सहयोग पुऱ्याउने बताए।

विस्तारित बैठकका बीच सगरमाथा आरोहणका क्रममा ७ हजार २ सय मिटरसम्मको यात्रा पूरा गरी फर्केका शर्मालाई नेपाली कांग्रेस झापाले सम्मान गरेको थियो ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न जिल्लाका पदाधिकारी, सदस्य, क्षेत्र, प्रदेशसभा क्षेत्र, गाउँ/नगर सभापतिहरुको विस्तारित बैठकका बीच महामन्त्री शर्मालाई सम्मान गरिएको हो ।

लगभग एकमहिना अघि सगरमाथा आरोहणमा निस्कनुभएका शर्मा ७ हजार २ सय मिटरको उचाइमा पुगेर फर्केका थिए । सगरमाथाको उचाइ ८ हजार ८ सय ४८ मिटर छ भने नेपालतर्फको आधार शिविर ५ हजार ३ सय ६४ मिटर उचाइमा छ । सम्मानपछि बोल्दै महामन्त्री शर्माले नेपाली कांग्रेस झापाप्रति आभार ब्यक्त गरेका थिए । यसैबीच बैठकले आगामी असार १५ गते धान दिवस मनाउने निर्णय गरेको छ । बैठकले नेपाल किसान संघको आयोजनामा हल्दिबारी गाउँ समितिका उपसभापति होम चुडालको खेतमा रोपाई गरी धान दिवस मनाउने निर्णय गरेको नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले जानकारी दिए।

## झापामा दिनहुँ बेवारिसे शब फेला पर्दै

झापा(प्रस) । सबै मानिसको आ-आफ्नो घरपरिवार हुन्छ । तर आफ्नो घरपरिवार छोडेर बेवारिसे हुने क्रम पछिल्लो समय बढेको छ । बेवारिसे अवस्थामा मृत फेला पर्नेको संख्या बढ्दै गएको प्रहरीको तथ्यांकले देखाएको छ । सोमवार झापामा एकजनाको बेवारिसे शव फेला परेको छ भने एकजना अपरिचित व्यक्ति अचेत अवस्थामा भेटिएका छन् ।

बिहान ८:३० बजे बिर्तामोड वडा नं. १ मा रहेको हिरो मोटरसाइकल कम्पनीको सो रुमको सटर अगाडि मागी खाएर हिड्ने तत्काल नाम थर वतन नखुलेको ,हेर्दा तराईवासी मुलको जस्तो देखिने अन्दाजी बर्ष ६५का वृद्ध नांगो अवस्थामा घोप्टो परी मृत अवस्थामा फेला परेका हुन् ।स्थानीयले देखेर इलाका प्रहरी कार्यालय बिर्तामोडमा जानकारी गराएपछि मृतकको सनाखत तथा पहिचान गर्ने कार्य भइरहेको जनाइएको छ ।

त्यस्तै मेचीनगरमा एक अपरिचित व्यक्ति अचेत अवस्थामा भेटिएका छन् । सोमवार दिउँसो ४ बजे मेचीनगर नगरपालिका वडा नं. -१० हिमालय टोलस्थित भित्री बाटोको छेउमा तत्काल नाम थर वतन नखुलेको पहाडे मुलको जस्तो देखिने अन्दाजी बर्ष ३५ का पुरुष बिरामी भई अचेत अबस्थामा फेला परेका हुन् । स्थानीयले देखेर इलाका प्रहरी कार्यालय धुलाबारीमा जानकारी गराउनासाथ प्रहरी टोली खटिएर बिरामीलाई मेची आम्दा अस्पताल धुलाबारीमा ल्याई उपचार भइरहेको र अबस्था गम्भीर रहेको प्रहरी निरीक्षक पाण्डव राजवंशीले बताए ।

वर्ण गहुँगोरो ,उचाई अन्दाजी ५.३ फिट,छोटो छोटो दारी जुँगा,कपाल कालो घुँग्रिएको,खैरोमा



कालो बुट्टा भएको फुल भेष्ट र कालो ट्र्याक पाईन्ट लगाएको हुलिया रहेको प्रहरी निरीक्षक राजवंशीले जानकारी दिएका छन् ।

उता मोरङको उर्लाबारी ३ धिमाल जातीय विकास केन्द्रको आयोजनामा धिमाल जातिको साँस्कृतिक पर्व जातिरी/ सिरिजात समापन कार्यक्रम भइरहेको स्थानमा एक व्यक्तिको मृत्यु भएको छ । कार्यक्रम भइरहेको चौरमा तत्काल नाम थर वतन नखुलेको अन्दाजी बर्ष ३५ का पुरूष बेहोस अवस्थामा फेला परेपछि उद्धार गरी मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारे पुर्याउनसाथ चिकित्सकले मृत्यु भइसकेको थियो । वर्ण श्याम्लो, केश कालो, छोटो, पातलो शरीर, कालो पेन्ट, कोठे सेतो सर्ट र भित्र गन्जी लगाएको, हेर्दा धिमाल वा सन्थाल जस्तो देखिने प्रहरीले जनाएको छ ।

त्यस्तै उदयपुरको कटारी नगरपालिका .६ बकपतिस्थित मदन भण्डारी राजमार्ग छेउको खाली चौरमा एक युवक मृत अवस्थामा फेला परेका छन् । बेवारिसे अवस्थामा मृत फेला परेका ती युवकले शरीरमा माथि कपडा नलगाएको, तल कालो पाईन्ट, सेतो कलरको चप्पल र कालो कपाल भएको नाम थर वतन नखुलेको अन्दाजी बर्ष १७ को जस्तो देखिने प्रहरीले जनाएको छ ।

झापामा केही दिनदेखि प्रायः दिनहुँजसो बेवारिसे शव फेला पर्दै आएको छ । केही दिनअघि एकैदिन तीनजनाको बेवारिसे शव फेला परेको थियो । पहिला बेवारिसे शव फेला पर्ने र पछि सनाखत हुने गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले जानकारी दिएका छन् ।

## नेपालमा पुरुषमा ७२ र महिलामा ६७ प्रतिशत यौन दुर्वलता

झापा । नेपालमा ७२ प्रतिशत पुरुष र ६७ प्रतिशत महिलामा यौन दुर्वलता रहेको पाइएको छ ।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा र एकीकृत विकास समाज नेपाल (सोलिड नेपाल )ले सोमवार राजधानीमा आयोजना गरिएको कार्यक्रममा 'यौन दुर्वलतासम्बन्धी राष्ट्रिय सर्वेक्षण-२०२४' नतिजा सार्वजनिक गर्दै ३० वर्षभन्दा माथिका ७२ प्रतिशत पुरुष र ६७ प्रतिशत महिलामा यौन दुर्वलता रहेको पाइएको प्रमुख अनुसन्धानकर्ता डा खेमबहादुर कार्कीले जानकारी दिए ।

विश्वमा करिब महिलामा ४९ प्रतिशत र पुरुषमा ४३ प्रतिशतले कुनै न कुनै प्रकारको यौन दुर्वलता रहेको तथ्याङ्क रहेको छ । नेपालमा पहिलोपटक गरिएको उक्त सर्वेक्षणका प्रमुख अनुसन्धानकर्ता डा कार्कीका अनुसार यौन दुर्वलता हुने ७२ प्रतिशत पुरुषमध्ये पाँच प्रतिशत वयस्क पुरुषको गम्भीर दुर्वलता र ३२ प्रतिशत पुरुषको सामान्य प्रकारको यौन दुर्वलता छ ।

उनले यौन दुर्वलता भएकामध्ये करिब ८४ प्रतिशत पुरुषहरूले सम्भोगबाट सन्तुष्टि प्राप्त गर्न नसकेको र ९२ प्रतिशत महिला तथा पुरुषमा यौन चाहना नै नहुने बताए । "यौन दुर्वलता हुने महिलाहरूमा ९४ प्रतिशतमा यौन उत्तेजना नै नहुने हुन्छ भने ८६ प्रतिशतमा योनी सुक्खा हुने समस्या छ । करिब ६६ प्रतिशत महिलाहरूले यौन सम्पर्कको समयमा पीडा महसुस गर्छन्," अध्ययनको प्रतिवेदनमा भनिएको छ ।

अध्ययनमा यौन दुर्वलता भएका ९० प्रतिशतभन्दा बढी व्यक्तिहरूमा यसको मुख्य कारण मनोवैज्ञानिक जस्तै तनाव, चिन्ता, नैराश्यता र कुनै दर्दनाक घटनाबाट उत्पन्न अवस्था रहेको प्रमुख अनुसन्धानकर्ता डा कार्कीले जानकारी दिए ।

सर्वेक्षणका अनुसार महिला र पुरुष दुवैमा रहेको यौन दुर्वलताको स्तर सबैभन्दा धैरै मधेश प्रदेश ७३ प्रतिशत र त्यसपछि कर्णाली प्रदेशमा ७१ प्रतिशत छ । प्रमुख अनुसन्धानकर्ता डा कार्कीले मधेश र कर्णाली प्रदेशमा देखिएको यौन दुर्वलताले विकासको दृष्टिकोणले पछाडि परेका ठाउँमा यौन दुर्वलता पनि बढी हुन्छ भन्ने अनुमान गर्न सकिने बताए ।

यौनरोग विशेषज्ञसमेत रहेका उनले यौन दुर्वलताको प्रमुख कारण मानसिक तनाव, व्यस्त जीवनशैली, श्रीमान्श्रीमती छुट्टिएर बस्नुपर्ने अवस्था, एकापसको द्वन्द्व, पारिवारिक कलह, काम र आरामको असन्तुलन रहेको बताए ।

यस्तै, शारीरिक कारणहरूमा यौन अङ्गमा हुने सङ्क्रमण, श्रीमान् वा श्रीमतीमा भएको स्वास्थ्य समस्या प्रमुख रहेका छन् । यसैगरी, सर्वेक्षणले धेरै मोटोपन भएका व्यक्तिमा मोटोपन नभएको व्यक्तिहरूको दाँजोमा बढी यौन दुर्वलता देखिएको छ ।

यस्तै, यौन दुर्वलता मधुमेह, उच्चरक्तचाप भएका बिरामीमा पनि हुने गरेको उनले बताए ।

अध्ययनले १८ वा १८ वर्षभन्दा कम उमेरमा विवाह गर्नेहरूमा यौन दुर्वलताको दर ६८ प्रतिशत र २५ वर्ष पूरा भएर विवाह गर्नेहरूको दर ६१ प्रतिशतभन्दा उच्च रहेको देखाएको छ ।

फलफूल र सागसब्जीसहितको स्वस्थकर खाना खानेमा ६५ प्रतिशत, फलफूल र सागसब्जी नखानेमा ६८ प्रतिशत यौन दुर्वलताको रहेको छ । अनुसन्धानकर्ता डा कार्कीका अनुसार व्यक्तिले हरेक दिन कम्तीमा ४०० ग्राम हरियो सागसब्जी तथा फलफूल खाने मानिसमा यौन दुर्वलता दर कम रहेको पाइएको छ ।

यस्तै, अध्ययन प्रतिवेदनमा सुर्ती सेवन वा मदिराजन्य पदार्थको सेवनले पनि यौन दुर्वलता बढाएको उल्लेख गरिएको छ । लामो समय सुर्ती सेवन गरेर छाडेकामा ८० प्रतिशतमा यौन दुर्वलता देखिएको छ ।

त्यसैगरी, मदिरा सेवन गर्नेहरूमा ६९ प्रतिशत र नगर्नेहरूमा ५९ प्रतिशत यौन दुर्वलता रहेको पाइएको छ । सोलिड नेपालले नेपालका सातवटै प्रदेशका ३४ वटा जिल्लाका तीन हजार ३८२ जना विवाहित महिला र पुरुषमा गत असारदेखि पुस महिनासम्म सर्वेक्षण गरिएको थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा आरपी बिच्छाले यौन दुर्वलतासम्बन्धी अध्ययन निकै जटिल रहेको भन्दै अध्ययनले नेपालको यौन दुर्वलताको अवस्थाको उजागर गरेको बताए ।

"अध्ययनमा यौन दुर्वलता मुलुककै समस्याका रुपमा देखिएको पाइयो," उनले भने, "अब आयोगले पनि यौन दुर्वलता घटाउने खालका कार्यक्रमसम्बन्धी नीति बनाउनेछ ।"

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, चिकित्सा अध्ययन संस्थानका डिन डा मोहनराज शर्माले पहिलोपटक गरिएको यौन दुर्वलतासम्बन्धी अध्ययनबाट नेपालको स्वास्थ्य सेवालाई नै चुनौती थपेको बताए । उनले यौन दुर्वलता घटाउने कार्यक्रम सरकारले सञ्चालन गर्नुपर्ने बताए ।

कार्यक्रममा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका निर्देशन डा विवेककुमार लालले यौन दुर्वलताले प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्यमा पनि असर गर्ने भएकाले देखाउने भन्दै यौन दुर्वलतासम्बन्धी कार्यक्रमलाई आफूहरुले समावेश गर्ने बताए ।

प्रमुख अनुसन्धानकर्ता डा कार्कीले आमा समूह, उपभोक्ता समूह, स्वास्थ्य समूहको नियमित कार्यक्रममा यौन दुर्वलता रोकथाम र नियन्त्रणसहितको जिम्मेवार स्वस्थ यौन व्यवहारका बारेमा छलफल चलाउन जरुरी रहेको बताए ।

यस्तै, सेवाग्राहीको सहज पहुँच सुनिश्चित हुनेगरी अस्पतालहरू र स्वास्थ्य सेवा प्रदायक संस्थामा यौन स्वास्थ्यसम्बन्धी बहु-विशेषज्ञ सेवा क्लिनिक तथा मनोविमर्श केन्द्रको स्थापना गर्नुपर्ने उनले बताए ।

## दलीय किचलोले बढाउँदैछ प्रदेश संरचना खारेजीको मत

झापा । तीन तहको सरकारबीच सम्बन्ध सेतुका रुपमा रहेका प्रदेशहरूको औचित्यमाथि उठ्ने गरेका प्रश्नलाई थप बलियो बनाउने भूमिकामा स्वयं प्रदेशहरू नै देखिएका छन्।

सबै कुरा आफूअनुकूल बनाउन जे गर्न पनि तयार हुने दलहरूका प्रवृत्तिले प्रदेश संरचना खारेजीको मतलाई क्रमशः बढाएको देखिन्छ।

आर्थिक रुपले बोझिलो बनेका प्रदेशहरू अस्थिरताको त उदाहरण नै बनेका छन्। पछिल्लो साढे ७ वर्षमा ३६ पटक प्रदेशहरूमा सरकार फेरबदल हुँदा ३२ मुख्यमन्त्री बने भने सयौँको संख्यामा मन्त्री बने। कतिपय प्रदेशमा संविधानको मर्मविपरीतका जम्बो मन्त्रिमण्डल पनि बनेका छन्। यी नै कारणले प्रदेशविरोधी मतलाई बढाउन मद्दत पुऱ्याएकोमा दुई मत छैन।

अहिले फेरि आगामी आर्थिक वर्षको बजेट सार्वजनिकका क्रममा प्रदेशहरूमा त्यस्तै किचलो देखिए। असार १ गते आगामी आर्थिक वर्षको बजेट ल्याउनै पर्ने संवैधानिक बाध्यता प्रदेश सरकारलाई हुन्छ तर कतिपय प्रदेशमा सत्तासीन दलबीच नै कुरा नमिल्दा त कतिपयमा सत्ता र प्रतिपक्षबीचको किचलोले झन्डै संवैधानिक समयसीमा नाघिसक्दा बजेट प्रस्तुत भए।

**कहाँ के भयो?**

बागमती प्रदेशमा बजेटका विषयमा सत्तारुढ दलहरूबीच नै विवाद भयो। सत्तारुढ दलहरू कांग्रेस र एमालेबीच बजेटका विषयमा विवाद सिर्जना भएपछि बजेट भाषणको समय परिवर्तन गर्नुपर्यो।

बजेट कति ल्याउने? भन्ने विषयमै उनीहरूबीच विमति थियो। एमालेले ६६ अर्ब भन्दा बढीको बजेट ल्याउन नहुने बताइरहँदा कांग्रेसबाट आर्थिक मामिलामन्त्री बनेका कुन्दनराज काफ्लेले ७२ अर्बको बजेट बनाएपछि विवाद भएको थियो।

अन्तिममा ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट प्रस्तुत भयो। यो बजेट चालु आर्थिक वर्षको तुलनामा करिब ३ अर्ब ७ करोड रुपैयाँ बढी हो।

सत्तासीन दलहरूकै किचलोले राति प्रस्तुत भएको बजेटमा अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिइएको छ।

भौतिक पूर्वाधार, कृषि, पर्यटनलाई प्राथमिकता दिइएको बजेटमा समुदायमा आधारित 'एक वडा, एक कृषि उत्पादन कार्यक्रम', 'एक प्रदेशसभा निर्वाचन क्षेत्र, एक प्रांगारिक मल उत्पादन कारखाना', 'कृषि ज्ञानरत्न प्रवर्द्धन कार्यक्रम' लगायतलाई निरन्तरता दिइएको छ।

उता कर्णालीमा सत्तारुढ र प्रमुख प्रतिपक्षी दलहरू बीचकै किचलोले मध्यराति बजेट प्रस्तुत भयो। प्रदेश सरकारले ल्याएको 'योजना बैंक' अपारदर्शी र एकलौटी भएको भन्दै सुरुमा माओवादीले बैठक बहिष्कार गर्‍यो।

तर १ गते नै बजेट ल्याउनुपर्ने बाध्यता भएकाले मुख्यमन्त्री

❖ बाँकी तेस्रो पृष्ठमा

# राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा उल्लेखनीय

• **लक्ष्मी उप्रेती**

मेचीनगर । मेची भन्सार कार्यालय काँकरभिट्टाले चालु आर्थिक वर्ष २०८१/०८२ को १० महिनाको अवधिमा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट ७ अर्ब ८३ करोड ६२ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

कार्यालयले चालु आवको १० महिनामा (डिजल, पेट्रोल ,मटिट्तेल, एलपिजी ग्यास)लगायतका पेट्रोलियम पदार्थ आयात गर्नका लागि १६ अर्ब १९ करोड १५ लाख १८ हजार रुपैयाँ मूल्य खर्चिएको छ । आयातबाट प्राप्त कूल राजस्वमा मुख्य १० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ६० दशमलव ५५ प्रतिशत रहेको छ ।

कार्यालयका सूचना अधिकारी इश्वर कुमार हुमागाईं भन्सार कार्यालयको मुख्य राजस्वको स्रोत नै पेट्रोलियम पदार्थको आयात र कोइला आयातमा निर्भर रहेको बताउँछन् ।

त्यस्तै दोस्रो धेरै राजस्व भने तरकारी आयातबाट ५८ करोड ३३ लाख १५ हजार रकम प्राप्त गरेको छ । त्यस्तै आयातबाट प्राप्त राजस्वमा तरकारीको हिस्सा भने ४ दशमलव ५१ प्रतिशत रहेको छ। यातायातका साधन र तिनका पार्टपूजा आयातबाट राजस्व भने ३६ करोड ५३ लाख १९ हजार रकम प्राप्त गरेको छ । त्यस्तै आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपूर्जाको योगदान भने २ दशमलव ८२ प्रतिशत रहेको छ । कूल राजस्व संकलनमा मुख्य १० वस्तुहरुको योगदान प्रतिशत हेर्दा यातायातको साधन र पार्टपूर्जाको योगदान भने तेस्रो स्थानमा छ ।

त्यस्तै खनिज उत्पादनबाट भने २४ करोड १० लाख ३० हजार रकम संकलन गरेको छ । जुन राजस्व असुलीमा १ दशमलव ८६ प्रतिशत योगदान रहेको छ । प्लाष्टिकका कच्चा पदार्थ आयातबाट भने २१ करोड ६७ लाख ५२ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । राजस्व संकलनमा यसको योगदान हिस्सा १ दशमलव ८६ प्रतिशत रहेको छ ।त्यस्तै दलहन आयातबाट २० करोड २९ लाख ९४ हजार राजस्व संकलन गरेको छ। आयातबाट प्राप्त कूल राजस्वमा मुख्य १० वस्तुबाट प्राप्त राजस्वको योगदानमा दलहनको हिस्सा भने १ दशमलव ५७ प्रतिशत रहेको छ । कफीबाट राजस्व संकलनमा योगदान १ दशमलव ५० प्रतिशत रहेको छ। कफी आयातबाट १९ करोड ३६ लाख ९० हजार रुपैयाँ संकलन गरेको छ। इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपूर्जा आयातबाट १६ करोड ४३ लाख ५९ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। जुन कुल राजस्व संलनमा १ दशमलव २७ प्रतिशत हिस्सा हो। चालु आवकै १० महिनामा सबै प्रकारका फलफूलबाट १५ करोड ५० लाख ३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । फलफूलको राजस्व संकलनमा १ दशमलव १५ प्रतिशत योगदान रहेको छ। फलाम तथा फलामका सामग्रीहरुको आयातबाट कार्यालयले १२ करोड ९६ लाख ९२ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । यसबाट राजस्व संकलनमा योगदानको हिस्सा १ प्रतिशत रहेको छ ।

# बिर्तामोडका व्यवसायीको जन्मदिन वाणिज्य संघमा

झापा(प्रस) । झापा बिर्तामोडका अधिकांश व्यवसायीको आआफ्नो जन्मदिन बिर्तामोड उद्योग वाणिज्य संघमा मनाउने गरेका छन् ।

व्यवसायीको जन्मदिनका अवसरमा वाणिज्य संघले विशेष प्रकारको कार्यक्रम आयोजना गर्ने गरेसंगै व्यवसायीहरुले समेत उत्साहका साथ आफ्नो जन्मदिन संघमा आएर मनाउने गरेका छन् ।

जन्मदिनका अवसरमा व्यवसायीलाई सु स्वास्थ्य र दीर्घ जीवनको कामना गर्दै सम्मानसहित कदरपत्र प्रदान गर्ने गरेको बाणिज्य संघले कार्यालयको बैठक कक्षमा अन्य व्यवसायीलाई समेत सहभागी गराउँदै सामूहिक केक काट्ने गरेको छ। जसका कारण आम व्यवसायी संघमा आएर आफ्नो जन्मदिन मनाउन लालायित देखिन्छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघले गत वर्षबाट यो कार्य सुरु गरेको हो। हालसम्म ५० जना भन्दा बढी व्यवसायी, सामाजिक व्यक्तित्व , नागरिक समाजका अगुवाले संघको कार्यालयमा आएर आफ्नो जन्मदिन मनाएका छन् ।

आइतवार मात्रै मिरा एण्ड सन्स प्रा.लि.का सञ्चालक घनेन्द्रकुमार पाण्डे(जीपी)ले आफ्नो जन्मदिन वाणिज्य संघको कार्यालयमा मनाएका हुन् । यस अघि



पनि गत वर्ष पनि उनले आफ्नो जन्मदिन संघकै कार्यालयमा आएर मनाएका थिए ।

जन्मदिन मनाउने क्रममा उनले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषमा २१ हजार एक सय ११ रुपैयाँ समेत प्रदान गरे । बिर्तामोड उद्योग वाणिज्य संघले एक करोड रुपैयाँ बरावरको अक्षयकोष स्थापना गरेको छ र सो कोषमा यसैगरी रकम जम्मा हुने गरेको छ। बिर्तामोडका व्यवसायीलाई दैवी प्रकोप परेका बेला सहयोग गर्ने उद्देश्यले कोष स्थापना गरिएको छ।

मिरा एण्ड सन्स प्रा.लि.का सञ्चालक पाण्डेको जन्मदिन मनाउने क्रममा बिर्तामोडका व्यवसायी मात्रै उपस्थित थिएनन् । सो कार्यक्रममा नेपाली कांग्रेस बिर्तामोडका नगर सभापति भोजराज सिटौला समेत सहभागी थिए। उनले यो कार्यक्रम निक्कै प्रभावकारी भएको टिप्पणी गरे ।

संघमा जन्मदिन मनाउन आउने जो कोहीलाई संघका अध्यक्ष राजु न्यौपाने, कोषका संयोजक तथा संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे राजु र महासचिव कुशल खतिवडाले संयुक्त रुपमा हस्ताक्षर गरेको कदरपत्र प्रदान गर्दै सुस्वास्थ्य र दीर्घजीवनको कामना गर्ने गरेका छन् ।

संघमा आएर जन्मदिन मनाउनेहरुले ११ हजार एक सय ११ रुपैयाँदेखि माथि एक लाख ११ हजार एक सय ११ रुपैयाँसम्म कोषको खातामा रकम जम्मा गर्दै आएका छन् । संघका कार्यसमिति सदस्यदेखि आम उद्योगी व्यवसायीले उद्योग वाणिज्य संघ बिर्तामोडको कार्यालयमा आएर जन्मदिन मनाउन थालेसँगै कोषमा अहिले २० लाख बढी रकम जम्मा भएको संघका कोषाध्यक्ष युवराज निरौलाले बताए ।

निर्माण व्यवसायी संघ झापाका अध्यक्ष केदार गिरीदेखि नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराईसम्मले संघको कार्यालयमा आएर आफ्नो जन्मदिन मनाएका छन् । औषधि व्यवसायी, सुनचाँदी व्यवसायी, ढुवानी व्यवसायी लगायतले समेत आफ्नो जन्मदिन यसैगरी मनाउने गरेका छन् ।

# नक्कली गहनासहित २ भारतीय इलाममा पक्राउ

झापा । इलामको सूर्योदय नगरपालिका-२ चारमाइलबाट सुन र चाँदीको जलप लगाएका नक्कली गहनासहित २ जना पक्राउ परेका छन् ।

सशस्त्र प्रहरीको टोलीले आइतबार ३२ लाख ६९ हजार ५५७ रुपैयाँ बराबर सुन र चाँदको जलप लगाएको नक्कली गहनासहित दुई जनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरू भारतको हिमालचल प्रदेश घर



बताउने ३८ वर्षीय अभिनास बोध र ३५ वर्षीय रवि कुमार रहेका छन् । उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म पशुपतिनगरबाट खटिएको सुरक्षा टोलीले विशेष सूचनाको आधारमा नियन्त्रणमा लिएको हो ।

नेपालबाट भारततर्फ जाँदै गरेका उनीहरुलाई जाँच गर्दा झोलाबाट १७ किलो ४०० ग्राम चाँदी र ५ किलो सुनको जलप लगाएका गहना र विभिन्न किसिमका सामान फेला परेको थियो ।

परीक्षणका क्रममा ती गहनामा सुन-चाँदीको जलप लगाएको पुष्टि भएको हो । पक्राउ परेका दुवै जनालाई आवश्यक अनुसन्धानको लागि भन्सार कार्यालय पशुपतिनगर इलाममा बुझाइएको छ ।

# उद्यमी बनाउन सीप सिकाउँदै मेचीनगर

मेचीनगर(प्रस) । लघु उद्यम गरिरहेका र नयाँ गर्न चाहनेहरुलाई सीप र दक्षता दिएर उद्यमी बनाउन मेचीनगर नगरपालिका लागिपरेको छ ।

नगरपालिकाको आर्थिक विकास शाखाले प्रत्येक वडामा व्यवसायी बन्न चाहनेहरुलाई सीप र दक्षता दिएर उद्यमी बनाइरहेको छ ।

आर्थिक विकास शाखा अन्तरगत उद्यम विकास सहजकर्ता अश्विनी भट्टराईले विगत ४ वर्षदेखि उद्यमशीलता तालिम लिइरहेका १४० जनामध्ये करिव ६० जना नागरिक व्यवसायिक बनेको जानकारी दिए ।

उनका अनुसार तालिम लिने र व्यवसायिक बनेका अधिकांश महिला मात्र रहेका छन् । तालिम लिएका ६० जनामा १० जना मात्र पुरुष व्यवसायिक बनेको उनको भनाई छ ।



प्रशिक्षक कै रुपमा काम गरिरहेका भट्टराईले तालिममा सहभागी धेरै महिलाहरु उद्यमी बन्न इच्छुक देखिएको बताए ।

आर्थिक विकास शाखा प्रमुख दिपेन्द्र कार्कीले नगरको १४ वटा वडामा उद्यम गरिरहेका र नयाँ गर्न चाहानेहरुलाई उक्त तालिम दिइसकेको बताए ।सोमबार यस आर्थिक वर्षमा बाँकी रहेको वडा नं.७ का ३५ जना र गतवर्षको कार्यक्रममा छुटेका ३० जना व्यवसायी बन्न चाहानेलाई दुईदिने सीप र दक्षता सम्बन्धी तालिम दिइरहेको कार्कीको भनाई छ ।

२ जना पुरुषसहित ६५ जना सहभागी तालिमको पहिलो दिन घरेलु तथा साना उद्योग कार्यालयका छैटौं अधिकृत जानकी भट्टराई, आर्थिक विकास शाखा प्रमुख कार्की र उद्यम विकास सहजकर्ता भट्टराईले प्रशिक्षण दिएका छन् ।

मंगलबार तालिममा सहभागीलाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, नेपाल बैंक लिमिटेड काँकरभिट्टा शाखा प्रमुख गोविन्दप्रसाद सुवेदी र मेची उद्योग बाणिज्य संघका कार्यकारी अधिकृत गोपाल वस्नेतले प्रशिक्षण दिने छन् ।

तालिमको उद्धाटन कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले सीप सिकेर दक्ष नभएसम्म व्यवसायिक बन्न नसक्ने बताए । दक्ष जनशक्ति बिना नागरिकबाट देश बन्न सक्दैन, त्यसैले सीप सिकेर व्यवसायिक बन्न उनको जोड थियो ।

उपप्रमुख मीना पोखरेल उप्रेतीले सीप सिकेर बजारको माग अनुसारको उत्पादन गरेर बजारीकरणमा ध्यान दिन जरुरी रहेको बताइन् ।

कार्यक्रमको अध्यक्षता समेत गरेका प्रमुख प्रशासकीय अधिकृत अधिकारीले टाउकोमा कपाल नभएकालाई अब राम्रो कपाल आउँछ भनेर काँईयो बेच्न सक्ने गरी सीप सिकेर व्यवसायमा लाग्न आग्रह गरेका थिए ।

'पूर्वको द्वार उद्यम र रोजगारीको अवसर' भन्ने मुल नाराका साथ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र लघु उद्यमीहरुका लागि सीप तथा क्षमता अभिवृद्धि कार्यक्रम अन्तरगत लघु उद्यमीहरुका लागि वित्तीय साक्षरतारबजारीकरण गर्ने उदेश्यले तालिम आयोजना गरिएको छ ।कार्यक्रमको सञ्चालन उद्यम विकास सहजकर्ता गंगा सोरेनले गरेकी थिइन् ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री अन्जु अधिकारीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री गिता न्यौपानेले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ १९ | १४५ | ३४७.६५ | २०८१/०४ /१४ | २०८१/०८ /०४ | २०८१/०९/२१ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री सुस्मा घिमिरे, दक्षिणः श्री सेवन्ता अधिकारी चापागाई को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री अनुजा बस्नेतले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ ५९ | २०५ | २०१.३९ | २०८१/११ /११ | २०८१/११ /१२ | २०८२/०१/१७ |

## बिमालेख हरायो

झापा अर्जुनधारा ५ निवासी केशव प्रसाद मैनालीको सानिमा रिलायन्स इन्सुरेन्स लि.को १०५००००६८९ नम्बरको पोलिसी पेपर बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा २०८२/१/०४ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : केशव प्रसाद मैनाली**
**ठेगाना: अर्जुनधारा ६ झापा**
**मो: ९८१६०६५७७३**

## झापा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**टाघनडुब्बा, झापा कोशी प्रदेश, नेपाल**

## कोटेशन आह्वान सम्बन्धी सूचना
**प्रकाशित मिति: २०८२-०३-०२**

प्रस्तुत विषयमा यस झापा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, टाघनडुब्बाको हाताभित्र व्यवस्थित चमेना गृह (क्यान्टिन) सञ्चालन गर्नु पर्ने भएकाले इच्छुक व्यक्ति तथा व्यवसायीले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र न्यूनतम मासिक भाडा रु ८,५००। (अक्षेरपी आठ हजार पाँच सय मात्र ) दरमा बढावढ प्रक्रियामा तोकिएको दस्तुर तिरी तपशीलको शर्तको अधिनमा रही सिलबन्दी दरभाउ पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

१) न्यूनतम मूल्य सूचीसहित तोकिएको खाजाको मेन्यु, सोको परिमाण, उपयुक्त दरभाउ र पौष्टिक विवरणसहित तल दिएबमोजिमको ढाँचामा खाजा तथा खानाको विवरण प्रस्ताव पेश गर्नु पर्ने छ ।

| क्र.सं. | विवरण (मेन्यु) | ईकाइ | प्रति ईकाइ मूल्य (रु.मा) | समावेश गरिने वस्तुहरू (पौष्टिक विवरण) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सादा खाना | १ सेट | | | |
| २ | मासु खाना (खसीको) | १ सेट | | | |
| ३ | मासु खाना (कुखुराको) | १ सेट | | | |
| ४ | चिकेन म:म | १ सेट | | | |
| ५ | भेज म:म | १ सेट | | | |
| ६ | चिकेन चाउमिन | १ सेट | | | |
| ७ | भेज चाउमिन | १ सेट | | | |
| ८ | रोटी तरकारी | १ सेट | | | |
| ९ | समोसा सेट | १ सेट | | | |
| १० | आलु/प्याज पकौडा | १ सेट | | | |
| ११ | चिया/कफी (कालो) | १ वटा | | | |
| १२ | चिया/कफी (दुध) | १ वटा | | | |
| १३ | अन्डा/ अम्लेट | १ वटा | | | |
| १४ | चना भुजा | १ सेट | | | |
| १५ | दही चिउरा | १ सेट | | | |
| १६ | फ्राई राइस (भेज) | १ सेट | | | |
| १७ | फ्राई राइस (चिकेन) | १ सेट | | | |
| १८ | पुरी तरकारी | १ सेट | | | |
| १९ | फ्रुट सलाद | १ सेट | | | |
| २० | छोला समोसा | १ सेट | | | |
| २१ | माछा भुजा | १ सेट | | | |
| २२ | अन्य | | | | |

२) सञ्चालकले गुरस्तरीय सेवा दिने प्रतिवद्धता पत्रसहित स्थानीय उत्पादन र अर्गानिक उत्पादनका सामग्रीबाट निर्मित परिकारलाई विशेष ग्राह्यता दिनु पर्नेछ ।

३) चमेना गृह सञ्चालनका लागि कार्यालयले उपलब्ध गराएको भवन र त्यसमा रहेका फर्निचर बाहेकका अन्य सामान सञ्चालक स्वयमले व्यवस्था गर्नु पर्ने छ ।

४) कुनै कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहीत हुनेछ ।

५) चमेना गृह सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था ठेक्का सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

६) प्रस्तावका साथ संलग्न गर्नु पर्ने कागजातहरू

क) संस्था वा फर्म भए सोको दर्ताको प्रमाणपत्र

ख) स्थायी लेखा नं. वा भ्याट दर्ताको प्रमाणपत्र

ग) कर चुक्ताको प्रमाणपत्र

घ) इजाजत पत्र

ङ) आवेदन दस्तुर रु १,०००। (अक्षेरपी एक हजार मात्र) लाग्नेछ ।

७) दर्ता भएका प्रस्तावहरू मिति २०८२।०३।१७ गते दिनको २ बजे खोलिनेछ ।

८) यसमा लेखिए बाहेकका कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

**गजेन्द्र थपलिया**
**प्रमुख प्रशासकीय अधिकृत**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सर्पदंशबाट जोगिऔं

विश्व स्वास्थ्य संगठनको सन् २०१५ को प्रतिवेदनानुसार नेपालमा वार्षिक कम्तीमा दुई सय जनाको ज्यान सर्पको डसाई (सर्पदंश)को कारण जाने गरेको छ । सर्पदंशको सही उपचार पद्धति अवलम्बन नगरेकै कारण स्वास्थ्य क्षेत्रको जटिल समस्याका रुपमा रहँदै आएको विज्ञहरुको अध्ययनले देखाएको छ । सर्पले डसेको भन्ने पुष्टि गर्नतर्फ लाग्नुभन्दा पनि बिरामी वा प्रत्यक्षदर्शीको भनाइलाई नै आधार मानेर 'एन्टी स्नेक भेनम' अर्थात प्रतिविष तत्काल सुरु गर्न ध्यान नदिएकै कारण समस्या विकराल हुने गरेको देखिन्छ । नेपाल सरकारले सर्पदंश व्यवस्थापनका लागि आर्थिक वर्ष २०५६/५७ देखि देशभर स्वास्थ्यकर्मीलाई तालिम दिने गरेको छ । तर, पनि उल्लेख्य उपलब्धी हासिल हुन सकेको छैन । समस्या बढाउन मानवीय, प्राविधिक, व्यवस्थापकीयजस्ता विभिन्न पक्ष जिम्मेवार देखिन्छन् । सर्पले डसेको भनेर बिरामी आएपछि तत्काल प्रतिविष सुरु गर्दा फरक पर्दैन । तर, उसलाई चिकित्सककै निगरानीमा राख्न भने आवश्यक पर्छ । प्रतिविष दिइएका केही बिरामीलाई एलर्जीको समस्या पनि देखिन सक्ने भएकाले सावधानी अपनाउन चिकित्सकको निगरानीमा राख्नुपर्ने हुन्छ । विषालु सर्पका प्रजातिमध्ये करेत र गोमनका प्रजाति चितवनमा अधिक पाइन्छन् । करेतका ६ समूह प्रजाति र गोमनका ३ प्रजातिले डसेका बिरामीलाई तत्काल अस्पताल पुऱ्याउन नसके अवस्था जोखिममा पर्न सक्छ । सर्पले डसेको बिरामीलाई देखिने केही सामान्य लक्षणलाई ध्यान दिने र प्राथमिक उपचार गर्दै अस्पताल पऱ्याए जोखिम कम हुन्छ । सर्पले डसेको बिरामीले वमन गरेको भए, त्यो डसाई करेत सर्पकै हो भन्ने बुझ्नुपर्छ । आँखा लठ्ठिदैं जाने, जिब्रो लरबराउनेजस्ता लक्षण देखा परे अस्पताल पुऱ्याउँदासम्म बिरामीलाई अचेत हुनबाट रोक्न निरन्तर बोलाइराख्न र जागा बनाई राख्नुपर्छ । नेपालको मौसमको अनुकूलताले तराईमा मात्र नभई केही पडाडी इलाकामा पनि सर्पको लागि राम्रो बासस्थान उपलब्ध गराएको पाइन्छ । समुद्री सहतबाट १५ सय मिटर उचाइसम्म पनि करेत सर्प भेटिएका छन् । गोमन सर्पका केही समूह प्रजाति समुद्री सहतबाट ३२ सय मिटर उचाइसम्म पनि भेटिएका छन् । यसबाट बच्न गर्मी मौसममा सकभर सम्भावित ठाउँमा हिंड्दा सचेतता अपनाउने, रातको समयमा पनि उज्यालोको व्यवस्था गरेर हिंड्ने, यदि सर्पले डसी हाले बिरामी नआत्तिने, आफूलाई सर्पले डसेकोबारे नजिकै रहेका आफन्तलाई खबर गर्ने, बिरामीलाई प्राथमिक उपचार गर्दै जति सक्दो छिटो सर्पदशंका लागि आवश्यक औषधि प्रतिविष उपलब्ध स्वास्थ्य संस्थामा लैजाने गर्नुपर्छ ।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कानुनविपरीतका कार्यलाई वैधता !



• रामनारायण विडारी

नेपालका राजनीतिक दलले समग्र देशको अर्थ, भौतिक संरचना, विदेश, विकास तथा सुशासनबारे संयुक्त छलफल गरेको पाइँदैन । यसै गरी संसदीय दलहरूले पनि यस विषयमा अलग अलग र संयुक्त रूपमा छलफल गरेको पनि हेक्का छैन । तत्कालको सङ्कट टार्न कहिलेकाहीँ दलका शीर्ष नेताका बिच छलफल भएको देखिन्छ । हरेक विधेयकका बारेमा सबै सांसदले पर्याप्त जानकारी लिनुपर्ने हो, यो पनि देखिँदैन । हरेक सांसदले सरकारका बारेमा आआफ्नै मूल्याङ्कन गरेर दलमा धारणा पेस गर्नुपर्ने हो, त्यो पनि देखिँदैन । सत्तामा वा विपक्षमा रहँदा सरकारको मूल्याङ्कन गरेर हरेक सांसदले आफ्नो दलमा बजेटका बारेमा नीतिगत र व्यावहारिक कुरा गर्नुपर्ने हो, सो गरेको पनि देखिँदैन । संसद्‌को काम सरकार, कानुन र बजेट बनाउने हो । हाम्रो संविधानले सांसदको काम यही नै उल्लेख गरेको छ ।

संविधानले शक्ति पृथकीकरणको सिद्धान्त अँगालेको छ । संसद्‌ले गर्ने ती मुख्य काममा सांसद प्राय अनभिज्ञ देखिन्छन् । सांसद बनेर पार्टीका नेता पनि भएकाहरू यसमा अलि फरक छन् । संसद्मा दुई/चार नेताकै हालीमुहाली हुन्छ । सांसदले सरकार, कानुन र बजेट केही पनि बनाउँदैनन् । अब प्रश्न उठ्छ यी तीन वटा काम त संसद्‌ले नै पारित गरेको छ त ? यसको जवाफ पनि सजिलै दिन सकिन्छ, सहीछाप सांसदको, निर्णय पार्टीको हो । विधेयक सरकारले कर्मचारीबाट बनाउँछ । यसमा पार्टी पनि उपेक्षित छ । बजेट सरकारले ल्याउँछ र दलका शीर्ष नेताले आआफ्ना निर्वाचन क्षेत्रको योजना र रकम हेरेर समर्थन गरेका हुन्छन् । सरकार शीर्ष दलका नेताको सहमतिमा बन्छ । सांसद प्रायः यी तीन वटै काममा अनभिज्ञ हुन्छन् । सांसदको काम सबै दलले गर्छ । यसरी संसद् डमीको रूपमा उभिएको देखिन्छ ।

सांसद जनताले निर्वाचित गरेको हुन्छ । यिनीहरूको सञ्चालन दलले गर्छ । चुन्ने जनता, हाँक्ने सरकार यो सुहाउने विषय होइन । संसद्मा राज्यकोषबाट धैरै खर्च हुन्छ । अझ प्रदेश सभासमेत गणना गर्दा खर्बौंको बजेट खर्च हुन्छ तर यसको उपादेयता प्राय शून्य देखिन्छ । सबै कार्य राजनीतिक पार्टीले गर्छ । विधेयकमा समेत सांसदलाई ह्विप जारी हुन्छ, यो उचित होइन । सांसद रोवर्ट भए जस्तो गरिन्छ । दल 'मनिटर' मा बस्ने अपरेटर हो जस्तो गरिन्छ । यही नै हो हाम्रो देशको विशेष रोग । हाम्रो कानुनले ह्विप कुन विषयमा लाग्छ भनेर राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २८ ले किटान गरेको छ ।

क) सरकारको विश्वास र अविश्वासको प्रस्ताव

ख) सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने विषय

ग) वार्षिक बजेट पारित गर्ने विषय

घ) राष्ट्रिय वा सार्वजनिक महत्वको विषय

विधेयक, प्रस्ताव, छलफल, प्रश्नोत्तर सबै विषयमा मत जाहेर गर्न ह्विप लाग्दैन । उपरोक्त चार विषयको पनि विचार राख्न पाइन्छ, मतदानमा मात्र ह्विप लाग्ने हो । राजनीतिक दलले अलिखित रूपमा ह्विप लगाउने र सांसद दलमुखी मात्र बनाउने तर जनमुखी हुन नदिने गरिन्छ । यस्ता कार्यले गर्दा संसद् प्रभावकारी भएको छैन । रबर छाप भनौं वा रोबर्ट जस्ता भएको पाइन्छ । संविधानतः संसद्‌ले प्रभावकारी काम गर्न सकेको छैन । सांसद प्रभावकारी जनमुखी, विज्ञ हुन जरुरी छ । यस्तो भएमा व्यवस्थापिकाको मर्यादा बढ्छ र व्यवस्थाप्रति जनआस्था वृद्धि हुन जान्छ । जननिर्वाचित प्रतिनिधिलाई हेप्ने कार्य विषाक्त हो ।

लोकतन्त्र कि दलतन्त्र ? दलीय राजनीति कि राष्ट्रिय राजनीति ? नीति ठुलो कि नेता ? यस विषयमा व्यापक छलफल गर्न जरुरी छ । दल त साधन न हो, साध्य त जनता र देश हो नि । यसमा हामी कहाँ र कसरी अलमलिएका छौँ, यस विषयमा दल र विज्ञबिच बहस जरुरी छ । प्रधानमन्त्री दलको कि राज्यको ? जबसम्म प्रधानमन्त्री वा विभिन्न पदाधिकारी राज्यको हुँदैनन्, तबसम्म इन्साफ विकास प्रगति आकाशको फल जस्तै हुन्छ । राज्यका अङ्गलाई दलले विश्वास गरिराखेको छैन । संसद्‌ले पनि आफैँले सृष्टि गरेको राज्यका अङ्गलाई विश्वास गरिरहेको छैन । आफैँले बनाएको कानुन संसद् आफैँले मान्दैन अनि इन्साफ खोज्न कहाँ जाने ? अनि कानुनी शासन कसरी हुन्छ ?

उदाहरणका लागि कुनै घटना मुलुकमा हुन्छ, संसद्मा संसदीय छानबिनको कुरा उठाउँछन् । संसद् कुनै घटनाको छानबिन गर्ने निकाय होइन, विज्ञ पनि होइन । यसका लागि राज्यले खर्बौं खर्च गरेर कानुन र निकाय बनाएको छ । ती निकाय र कानुनलाई बेकम्मा बनाउने कार्य न राजनीतिक दल न त संसद् कसैले पनि गर्न हुँदैन । संसद्‌ले छानबिन गर्ने होइन, उसले छानबिन गर्ने निकायलाई निर्देशन दिने र अनुगमन गर्ने हो । संवैधानिक निकाय बनाएर अर्बौं अर्ब राज्यको खर्च गरिएको छ, जसलाई सरकारले नियन्त्रण गर्न सक्दैन, बरु सरकारका कुनै पनि पदाधिकारीलाई कुनै पनि बेला कानुनबमोजिम नियन्त्रणमा लिन सक्छ । यो निकायले गडबडी गरेमा वा कानुनविपरीत कार्य गरेमा संसद्‌ले महाभियोग लगाएर हटाउन सक्छ । यस्तो प्रकारको संविधान बनाएर सो संविधान विपरीत संसद्मा नै संवैधानिक अङ्ग सरकारको छाया बनेको छ भन्दै अर्को न्यायिक निकाय माग गर्ने कुरा पूर्ण रूपले संविधानविपरीत छ । यसरी संसद्‌ले संविधानविपरीतको विषय माग गर्नु र त्यसलाई कार्यान्वयन गर्नु संविधानप्रतिको धोखा हो ।

संविधानलाई धोखा दिनु एक प्रकारको राज्यविरुद्धको अपराध हो । यस्तो काम राजनीतिक दल, सांसद वा संसद्‌ले गर्ला भनेर संविधानतः कसैले पनि अनुमान गर्दैन । जहाँसम्म पदाधिकारीको राजीनामा संसद्मा माग्ने कार्य गरेको सुनिन्छ, यो पनि सरासर गलत हो । राजीनामा माग्ने विषय होइन, राजीनामा दिनेको स्वैच्छिक विषय हो । कुनै पदाधिकारीले कानुनविपरीत कार्य गरेको छ भने सो पदबाट हटाउने हो । पदबाट हटाउने कुरा कानुनले नै प्रक्रिया तोकेको छ । कुनै पदाधिकारीमाथि कुनै असान्दर्भिक मानिसले कुनै आरोप लगाएमा पदबाट राजीनामा दिनु पर्छ भनेर सांसदले भन्नु मुर्ख्याइँ हो । आधिकारिक आरोप आएमा छानबिन गर्ने निकायले कानुनले तोकेको प्रक्रियाबमोजिम गर्नुपर्ने हुन्छ । गरेन भने सो निकायविरुद्धमा कानुनबमोजिम सजाय गर्न सांसदले माग गर्न सक्छन् तर कुनै पदाधिकारीका बारेमा कुनै आरोप लाग्दैमा राजीनामा माग्ने हो भने कुनै पनि पदाधिकारीले काम गर्न सक्ने वातावरण नै हुँदैन र संविधान कानुन असफल हुन जान्छ । यस्तो कार्य त संविधान विरोधीले गर्ने हो ।

संविधान मान्नेले संविधानले तोकेको निकायमा जिम्मेवार मानिसले उजुरी गरी छानबिन गराउन कोसिस गर्ने हो, सो हुन नसकेमा छानबिन गर्ने निकायविरुद्ध अदालतमा उजुर हाल्ने वा संसद्‌ले कारबाही थाल्ने हो । संसद्मा अवरोध गर्नु अर्को व्यवस्थाविरुद्धको अपराध हो । नारा लगाउन, जुलुस गर्न सांसद हुन पर्दैन । सर्वसाधारणले नै गर्न सक्छन् । यही त लोकतन्त्र हो । अदालतमा संसद्मा मन्त्रीपरिषद्मा जुलुस नारा बर्जित छ । संसद्‌को नियमावलीमा स्पष्ट साथ लेखेको छ, संसद् सञ्चालन गर्न अवरोध गरेमा सभामुखले मर्यादापालकलाई निर्देशन दिएर ती बाधकलाई संसद्‌बाट बाहिर निष्कासन गर्ने र तोकेको दिनसम्म संसद्मा भाग लिन नपाउने भनेर सर्वसम्मत पारित गरेको छ । जुन नियमावली अद्यावधिक सक्रिय छ । सभामुखले संविधान सभामा र नेपालमा विसं २०४८ मा बहुदलीय संसद् सुरु भएको बेलामा गरेका केही निर्देशनलाई सधैँ कानुनभन्दा माथि राख्नु कुनै मानेमा पनि उचित हुन सक्दैन, यो पनि दुर्भाग्य हो । संसद् सत्ता पक्ष र विपक्ष दुवैको हो । विपक्षको मात्र संसद् होइन । केही सांसद उठेपछि बैठक चल्न सक्दैन भनेको पनि समयसापेक्ष हो निरपेक्ष हैन । सांसद बैठक चलिरहेका बेलामा हुल भई उठ्नु हुँदैन, यसरी उठेमा नियमविपरीत हुन्छ र कारबाही हुन्छ । यो नियम किन पालना राजनीतिक दलले गर्दैनन् ।

# कतिन्जेल जैविक विविधता ह्रास ?



• डा. विधुप्रकाश कायस्थ

जैविक विविधताले परिपूर्ण नेपाल जंगल विनाशका कारण भने ठूलो र अनेक समस्यासँग जुधिरहेको छ। ७० वर्षदेखि वनका लागि रूख कटान, खेतीका लागि जंगल अतिक्रमण र जनसंख्या दबाबले वन क्षेत्र निकै घटाएको छ। यसलाई समाधान गर्न दोस्रो पञ्चवर्षीय योजनादेखि नै वन योजना सुरु गरे तापनि वन विनाश रोक्न ठोस पहल भएन। वृक्षरोपण गतिविधिहरूले भूक्षयलाई नियन्त्रण गर्ने र दिगो वन व्यवस्थापनलाई प्रोत्साहन गर्ने उद्देश्य राखेका थिए। बिरुवाको प्रजातिको छनोट, विशेषगरी एकल प्रजातिका बिरुवाहरूमा जोड दिँदा, वन्यजन्तु विस्थापन र मानव-वन्यजन्तु द्वन्द्वजस्ता अनपेक्षित पर्यावरणीय समस्या देखिन थाले।

नेपालको जंगल व्यवस्थापनको इतिहास नीतिहरूको परिवर्तनले भरिएको छ। २०१५ अघि जंगलहरू जमिन्दारहरूले नियन्त्रण गर्थे। २०१५ को वन राष्ट्रियकरण ऐनले वनहरूलाई सरकारी नियन्त्रणमा ल्यायो। २०१८ सालको वन ऐनले जंगल स्रोतहरूको संरक्षण र संरक्षण गर्ने लक्ष्य राख्यो। यी नीतिहरू सुरुमा असफल भए, जसले २०२० र २०३० को दशकमा व्यापक जंगल विनाश निम्त्यायो। प्राकृतिक स्रोतको सर्वेक्षण, वन व्यवस्थापन योजना र जंगल उत्पादन बढाउन दोस्रो पञ्चवर्षीय योजनाले ठूलो मात्रामा वृक्षरोपण सुरु गऱ्यो। यी प्रयासले सामुदायिक वन व्यवस्थापनको आधार तयार गरे तापनि त्यतिबेला ती पूर्ण प्रभावकारी भएनन्।

२०२० को दशकका वृक्षरोपण प्रयासहरू : दोस्रो पञ्चवर्षीय योजनाको वृक्षरोपण अभियान वन विनाशलाई रोक्ने नेपालको रणनीतिको हिस्सा थियो। १९६० को सुरुमा व्यवस्थित जंगल योजनाले निम्न कुराहरूमा ध्यान दियो : -

– भूस्खलन रोक्न ठूलो मात्रामा बिरुवा रोप्ने।

– उपयुक्त रोपण क्षेत्र पहिचान गर्न प्राकृतिक स्रोतको सर्वेक्षण।

– छानिएका जिल्लाहरूका लागि वन व्यवस्थापन योजना।

– वन व्यवस्थापनका लागि आगो नियन्त्रण र वन सडक निर्माण।

– वनमा आधारित उद्योगहरूलाई प्रोत्साहन गरी आर्थिक लाभ बढाउने।

यी गतिविधि काठ कटाइ, कृषि विस्तार र जनसंख्या वृद्धिका कारण गुमेको जंगल क्षेत्र पुनर्स्थापित गर्न प्रेरित थिए। यद्यपि वृक्षरोपण राष्ट्रिय जंगल योजनाको हिस्सा थियो भन्ने संकेत गरे तापनि २०२० को दशकको अभियानको दस्तावेजीकरण छैन। सरकार र दाता संस्थाहरूको सहयोगमा भएका यी सुरुका प्रयासहरू खासै सफल भएनन्। जसले पछि २०३० को दशकमा सामुदायिक वन व्यवस्थापनको ढोका खोल्यो।

वृक्षारोपणमा बिरुवाका प्रजातिहरू : २०२० को दशकमा रोपिएका बिरुवाहरू मुख्य रूपमा नेपालको विविध पर्यावरणीय क्षेत्रहरू (उष्णतटीय क्षेत्रदेखि अल्पाइन उच्च भूमिसम्म) मा आधारित स्थानीय प्रजातिहरू थिए। निम्न तालिकाले सम्भावित प्रजातिहरू देखाउँछ :

– तराई र चुरे क्षेत्र (उष्ण, आर्द्र) : खैर, सिसौ, साल।

– महाभारत क्षेत्र (५,०००-१०,००० फिट) : पाइन, ओक, लालीगुराँस, पप्लर, ओखर, लार्च।

– १०,०००-१२,००० फिट : फर, बर्च, रोडोडेन्ड्रन।

– हिमाली क्षेत्र (टिम्बर लाइनमुनि) : फर, साइप्रस, जुनिपर, बर्च।

यी प्रजातिहरू स्थानीय मौसममा अनुकूल र काठ, इन्धन र पर्यावरणीय स्थिरताका लागि छानिएका थिए। तराईमा खैर र सिसौजस्ता प्रजातिहरूका साथै सालका जंगलहरू प्रमुख थिए। मध्यम उचाइमा पाइन र ओक र उच्च उचाइमा फरजस्ता कोनिफर प्रजातिहरू रोपिए। नेपालको राष्ट्रिय फूल लालीगुराँस मध्यमदेखि उच्च उचाइमा रोपिए।

फलफूलका बिरुवा किन प्राथमिकतामा परेनन् ? : २०२० को दशकको वृक्षरोपणमा फलफूलका बिरुवाहरू कम रोपिए। यसको सट्टा, छिटो बढ्ने पाइनजस्ता एकल प्रजातिका बिरुवाहरूलाई जोड दिइयो। जंगल विनाश रोक्ने तत्कालीन लक्ष्यसँग मेल खाने यिनले माटो स्थिर गर्न र छिटो जंगल वृद्धि गर्न सक्छ। तर पाइनले फल उत्पादन नगर्ने हुनाले पर्यावरणीय समस्याहरू निम्त्यायो। पाइनका एकल प्रजातिका जंगलहरूले वन्यजन्तु, विशेषगरी बाँदरहरूलाई चाहिने फलफूल र अन्य खाद्य स्रोतहरू प्रदान गर्न सकेनन्। पाइनको घना छायाँले तल्लो तहका बिरुवाहरूलाई बढ्न रोकेर जैविक विविधता कम भएको 'हरित मरुभूमि' बनायो। खाना र बासस्थानको कमीले वन्यजन्तुहरू मानव बस्तीमा खाना खोज्न बाध्य भए। यसले मानव-वन्यजन्तु द्वन्द्व बढायो। वन्यजन्तु र स्थानीय समुदायलाई चाहिने आप, लिची, वा अम्बाजस्ता फलफूलका बिरुवाहरू वक्षरोपण अभियानको प्राथमिकतामा परेन।

पर्यावरणीय र सामाजिक प्रभाव : २०२० को दशकमा फलफूलका बिरुवाको अभावले ठूलो पर्यावरणीय र सामाजिक प्रभाव पाऱ्यो। खाद्यस्रोतको कमीले वन्यजन्तु, विशेषगरी बाँदरहरू, जंगल छोडेर बस्ती र खेतमा खाना खोज्न बाध्य भए। यसले मानव-वन्यजन्तु द्वन्द्व बढायो, जुन आज पनि नेपालको चुनौती छ। एकल प्रजातिका पाइन जंगलले जैविक विविधता घटायो किनभने तिनले तल्लो तहका बिरुवा र अन्य प्रजातिलाई बढ्न दिएनन्, जसले समग्र पर्यावरणीय प्रणालीलाई असर गऱ्यो। पाइनमा आधारित जंगलहरू कम लचिलो र नेपालको समृद्ध जैविक विविधता (१ हजार २ सय ४० भन्दा बढी चरा, उभयचर, सरीसृप र स्तनधारी प्रजातिहरू, जसमध्ये ७० प्रजाति संकटमा) लाई टेवा दिन कम सक्षम थिए। यी 'हरित मरुभूमि'ले विविध वृक्षरोपण रणनीतिको आवश्यकता औंल्यायो।

सिकाइ र आधुनिक सन्दर्भ : २०२० को दशकमा वृक्षरोपण प्रयासहरूले पर्यावरणीय विविधताको महत्व देखायो। २०३० को दशकमा सुरु भएको र २०५१ सालको वन ऐनले औपचारिक रूपमा स्थापित सामुदायिक वन व्यवस्थापनले यी कमजोरीलाई सम्बोधन गऱ्यो। स्थानीय समुदायहरूलाई जंगल व्यवस्थापनको जिम्मेवारी दिइयो र विविध प्रजातिलाई प्राथमिकता दिइयो। आधुनिक परियोजनाहरूले वन्यजन्तु र जीविकोपार्जनलाई टेवा पुऱ्याउने आँप र लिचीजस्ता फलफूलका बिरुवाहरू व्यापक रूपमा समावेश गर्नुपर्छ।

निष्कर्ष : नेपालको २०२० को दशकमा सुरु भएको दोस्रो पञ्चवर्षीय योजना (२०२०-२०२२) मा वृक्षरोपण अभियानले जंगल विनाश रोक्न र हरियाली पुनर्स्थापित गर्न ठूलो प्रयास गऱ्यो। यो अभियानले खैर, सिसौ, साल, पाइन, ओक र रोडोडेन्ड्रनजस्ता स्थानीय बिरुवाहरू रोपेर माटोको संरक्षण, जैविक विविधता बढाउने र ग्रामीण समुदायको जीविकोपार्जनलाई सहयोग गर्ने लक्ष्य राखेको थियो। तराईदेखि हिमाली क्षेत्रसम्मका विभिन्न पर्यावरणीय क्षेत्रमा उपयुक्त बिरुवाहरू छानिए। उदाहरणका लागि, तराईमा साल र सिसौ, मध्यम उचाइमा पाइन र ओक र उच्च हिमाली क्षेत्रमा फर र जुनिपर रोपिए। यी बिरुवाहरूले काठ, इन्धन र पर्यावरणीय स्थिरता प्रदान गर्ने अपेक्षा गरिएको थियो। यो अभियानले पाइनजस्ता फल नफल्ने एकल प्रजातिका बिरुवाहरूलाई धेरै प्राथमिकता दियो। पाइन छिटो बढ्छ र खराब माटोलाई स्थिर गर्छ तर यसले फल उत्पादन गर्दैन। फलफूलका बिरुवाहरू, जस्तै आम, लिची वा अम्बा, कम रोपिए, जसले पर्यावरणीय असन्तुलन निम्त्यायो। फलको अभावले बाँदरजस्ता वन्यजन्तुहरू खाना खोज्न गाउँ र बस्तीमा प्रवेश गरे। यसले बाली नष्ट गऱ्यो र मानव-वन्यजन्तु द्वन्द्व बढायो। पाइनका घना जंगलले तल्लो तहका बिरुवाहरूलाई बढ्न रोकेर 'हरित मरुभूमि' बनायो, जसले जैविक विविधतालाई ह्रास गऱ्यो। यी कमजोरीहरूले वृक्षरोपणमा विविधता र पर्यावरणीय सन्तुलनको महत्व सिकायो। फलफूलका बिरुवाहरूले वन्यजन्तु र समुदाय दुवैलाई फाइदा पुऱ्याउन सक्थे, तर तत्कालीन योजनाले छिटो जंगल कभरमा मात्र ध्यान दियो। यी चुनौतीहरूका बाबजुद २०२० को अभियानले सामुदायिक वन व्यवस्थापनको आधार तयार गऱ्यो। २०३० को दशकमा सुरु भएको र २०५० मा जंगल ऐनले औपचारिक रूपमा स्थापित सामुदायिक वनले स्थानीय समुदायलाई जंगल संरक्षणको जिम्मेवारी दियो। यसले विविध प्रजातिका बिरुवाहरूलाई प्राथमिकता दियो र मानव-वन्यजन्तु द्वन्द्व कम गर्न सहयोग पुऱ्यायो।

आज, नेपालको जंगल क्षेत्र २०४९ सालमा २६ प्रतिशत रहेकोमा २०७३ सालमा ४५ प्रतिशत पुगेको छ, जुन सामुदायिक वन र आप्रवासनले जंगलमाथिको दबाब कम गरेको कारणले हो। जलवायु परिवर्तन र बासस्थान ह्रास जस्ता वर्तमान चुनौतीहरूमा २०२० को सिकाइले मार्गदर्शन गर्छ। आधुनिक वृक्षरोपणले स्थानीय प्रजाति, फलफूलका बिरुवा र समुदायको सहभागितालाई जोड दिन्छ। उदाहरणका लागि, आम र लिची जस्ता बिरुवा रोपेर वन्यजन्तु र मानव दुवैलाई फाइदा पुऱ्याइन्छ। नेपालले विगतका गल्तीहरूबाट सिकेर दिगो पर्यावरणीय नेतृत्व देखाइरहेको छ। विविध किसिमका वृक्षरोपण र समुदाय संलग्नताले मानव आवश्यकता र पर्यावरण संरक्षणको सन्तुलन कायम राख्छ। यो अभियानले नेपाललाई विश्वमा वन संरक्षणको उदाहरण बनाएको छ। जसले भविष्यमा पनि यस्तै प्रयासले हरियाली र जैविक विविधता जोगाउनेछ।

# झापामा एक महिनामा ५१ जना फरार प्रतिवादी पक्राउ

झापा । झापामा एक महिनामा ५१ जना फरार प्रतिवादी पक्राउ परेका छन् ।
जेठ महिनामा जिल्ला प्रहरी कार्यालय झापा र मातहतका प्रहरी युनिटबाट खटिएका प्रहरी टोलीले त्यति धेरै संख्यामा फरार प्रतिवादी पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए ।
पक्राउ पर्नेमा उच्च अदालत विराटनगर इलाम इजलासको २०७२ असार १६ गतेको फैसलाले जबरजस्ती करणी र चोरी मुद्दामा १० बर्ष कैद फैसला भई फरार रहेका बिर्तामोड नगरपालिका वडा नं.८ बस्ने ३० वर्षीय अमिर ल्वागुन बिश्वकर्मासमेत छन् ।बिभिन्न




फैसला भई फरार रहेका मेचीनगर नगरपालिका वडा नं.७ बस्ने ३२ वर्षीय प्रदिप राई र उच्च अदालत पाटनको २०८० फागुन २९ गतेको फैसलाले राजश्व चुहावट मुद्दामा १ बर्ष २ महिना १५ दिन कैद र २ करोड ८४ लाख ५८ हजार ६०५ रुपैयाँ जरिवाना मुद्दामा दोषी प्रमाणित भएर फरार रहेका ४३ जना पुरुष, ७ जना महिला र एकजना तेस्रो लिङ्गीलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि झापा जिल्ला अदालतमा उपस्थित गराई कैद असुल बाँकी रहेका प्रतिवादीहरुलाई कैद भुक्तानको लागि कारागार पठाइएको डीएसपी खड्काले जानकारी दिए । उनका अनुसार जरिवाना असुल गर्न मात्र बाँकी रहेका प्रतिवादीहरु जरिवाना दाखिला गराई लगत कट्टा गरी छुटेका छन् ।
सो बाट कैद-३१ वर्ष ५ महिना २६ दिन तथा .२ करोड ९९ लाख ७८ हजार ५६० रुपैयाँ जरिवाना असुल भएको जनाइएको छ । फरार प्रतिवादी पक्राउ अभियान जारी रहेकोमा त्यसलाई अझ तीब्रता दिइएको झापा प्रहरी प्रमुख एसपी राजन लिम्बूले जानकारी दिएका छन् ।

# १३ वर्षीया बालिकालाई जवर्जस्ती करणी गर्ने किशोर पक्राउ

झापा। इलाममा १३ वर्षीया बालिकालाई जवर्जस्ती करणी गर्ने किशोर पक्राउ परेका छन् ।
जेठ ३० गते राति ८ बजे १३ वर्षीया नाबालिकालाई ललाई फकाई माई नगरपालिका ८ चेपेखोला छेउमा रहेको बाँसको कटेरोमा जवर्जस्ती करणी गरेको उजुरीका आधारमा १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको हो ।
पीडितकी आमाले प्रहरी चौकी महमाईमा मौखिक जानकारी गराउनसाथ प्रहरी टोली खटिएर माई नगरपालिका ७ लक्ष्मी खोलामा फेला पारी आरोपितलाई नियन्त्रणमा लिएको हो । जिल्ला अदालत इलामबाट ५ दिनको म्याद लिई उनीमाथि अनुसन्धान भइरहेको जनाइएको छ ।

# इजरायलले इरानको सरकारी टिभी र रेडियोलक्षित आक्रमण गर्दै



जेरुसेलम । इजरायली सेनाले इरानको सरकारी टेलिभिजन र रेडियोलाई लक्षित आक्रमण गर्न लागेको इजरायली रक्षामन्त्रीले बताएका छन् ।
इजरायलका रक्षामन्त्री इजरायल काट्जले सोमबार इरानको सरकारी टेलिभिजन र रेडियोलाई लक्षित आक्रमण गरी ‘तिनीहरूलाई ध्वस्त पारिदिने’ बताएका हुन् ।
’इरानी प्रोपोगान्डा र उक्साउने ’मेगाफोन’ ध्वस्त हुन लागेको छ,’ उनले एक विज्ञप्ति जारी गरी बताएका छन् । उनले भने, ’आसपासका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण हुन निर्देशन जारी गरिएको छ।’
इजरायली सेनाले सोमबार राजधानीको उत्तरी ‘डिस्ट्रिक्ट थ्री’ को एक भागका बासिन्दालाई ‘ तत्काल’ त्यहाँबाट बाहिर निस्कन आग्रह गरेको छ ।
’आगामी घण्टाहरूमा, इजरायली सेना हालैका दिनहरूमा जस्तै तेहरानको यस क्षेत्रमा इरानी शासनको सैन्य संरचनामा आक्रमण गर्न परिचालित हुनेछ,’ सेनाले समाजिक सञ्जाल एक्समा पोस्ट गरेको फारसी भाषामा लेखिएको सन्देशमा भनिएको छ ।
खाली गर्न भनिएको क्षेत्र इरानी राजधानीको एक घना क्षेत्र हो । यहाँ कम्तिमा चार वटा अस्पताल र स्वास्थ्य केन्द्र, एक प्रमुख पुलिस भवन र सरकारी प्रसारणकर्ता आईआरआईबी रहेका छन् ।
यसमा कतार, ओमान र कुवेतका दूतावासका साथै संयुक्त राष्ट्रसङ्घका कार्यालय र एजेन्सी फ्रान्स-प्रेस ब्यूरो (एएफपी) को कार्यालय पनि छ।
सोमबार इजरायली सेनाले तेहरानमाथिको आकाशमा पूर्णरूपमा हवाई नियन्त्रण हासिल गरेको बताएको थियो ।

# ‘डेङ्गु र कोरोनाको लक्षण समान ’

झापा । नेपालमा डेङ्गु, कोरोनालगायतका सङ्क्रामक रोग बढ्दो क्रममा छन् । पछिल्लो समय कोभिड-१९ को सङ्क्रमण छिमेकी मुलुक भारतलगायत एसियाली देशमा तीव्र गतिमा फैलिँदै गएको छ ।
नेपालमा पनि हालसम्म २६ जनामा कोरोना पुष्टि भैसकेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) को तथ्याङ्कमा उल्लेख छ । तर नेपालमा पुरानै पुष्टि भएको कि नयाँ भाइरस देखिएको हो भन्ने परीक्षण भएको छैन । त्यस्तै, डेङ्गुबाट हुने सङ्क्रमण हुने दर पनि बढ्दो छ ।
इडिसिडीको तथ्याङ्क अनुसार नेपालमा छ महिनामा ७२ जिल्लाबाट एक हजार २९५ जनामा डेङ्गु पुष्टि भएको छ । लामखुट्टे देखिन सुरु भैसकेकोले केही दिनमा नै जोखिम ह्वात्तै बढ्न सक्ने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् । कुनै पनि समयमा कुनै पनि स्थानमा डेङ्गुको सङ्क्रमण तीव्र गतिमा फैलिन सक्ने उनको भनाइ छ ।

कोरोना र डेङ्गु दुवैका लक्षण एक अर्कोसँग मिल्दाजुल्दा हुने हुँदा धेरै के कारणले बिरामी परियो भनेर झुक्किने गरेको डा. पुन बताउँछन्। चिकित्सकका अनुसार के कारणले बिरामी परियो भन्ने कि त लक्षणका आधारमा पत्ता लगाउन सकिन्छ कि परीक्षण नै गर्नुपर्छ ।

**लक्षणका आधारमा पत्ता लगाउने**

डेङ्गु सङ्क्रमण एडिस जातको लामखुट्टेको टोकाइबाट हुने गर्छ । त्यस्तै कारोनाको सङ्क्रमण कोरोना भाइरसले गर्दा हुने चिकित्सक बताउँछन् । त्यस्तै, कोरोना भाइरस श्वासप्रश्वाससम्बन्धी सङ्क्रामक रोग हो भने डेङ्गु सङ्क्रमण दुःखाइसँग सम्बन्धित रोग भएको डा. पुन बताउँछन् । कोरोना श्वासप्रश्वासको माध्यमबाट खोक्दा, हाछ्युँ गर्दा निस्कने ऱ्याल, सिङानको माध्यमबाट एक मानिसबाट अर्कोमा सर्ने गर्छ भने डेङ्गु सङ्क्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट सर्ने गर्छ ।

**कोरोनाका लक्षण**

जसलाई रुघाखोकीसम्बन्धी लक्षण देखिएमा कोरोना भाइरसको सङ्क्रमण भएको मान्न सकिने चिकित्सक बताउँछन् । त्योबाहेक ज्वरो आउने, टाउको दुख्ने, स्वाद वा गन्ध हराउने, जिउ दुख्ने, सास फेर्न गाह्रो हुने निमोनिया हुनेजस्ता लक्षण देखिने गर्छन् ।

**डेङ्गुका लक्षण**

असाध्यै शरीर दुख्ने, खाना मन नलाग्ने, पखाला लाग्ने डेङ्गुका प्रमुख लक्षण हुन् । त्योबाहेक आँखाका गेडी खस्लाजस्तो हुने, शरीरमा बिमिरा आउने, वाकवाक लाग्ने, खान मन नलाग्ने, असाध्यै पीडादायी दुःखाइ हुने, बान्ता हुनेजस्ता लक्षण देखिने गर्छन् । एक्कासि उच्च ज्वरो आउने, मांसपेशी दुख्ने, टाउको तथा जोर्नी दुख्ने, थकान महसुस हुने, बान्ता हुने जस्ता लक्षण पनि देखिन्छन् ।
गिजाबाट रगत बग्ने, तारन्तार बान्ता हुने, बान्तामा रगत देखिने, चिडचिडापन वा छटपटी हुने वा रिङ्गटा लाग्ने, अत्यधिक पेट दुख्ने, लगातार डाइरिया हुने जस्ता गम्भीर लक्षण देखिन्छन् ।

**जोखिममा**

कोरोना र डेङ्गुको जोखिममा रोग प्रतिरोधात्मक क्षमता कम भएका, गर्भवती, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी पर्ने चिकित्सक बताउँछन् । यस्ता मानिसमा डेङ्गु वा कोरोनाको सङ्क्रमण भएमा जटिल स्वास्थ्य समस्या निम्तिने हुँदा सचेत रहन चिकित्सकको सुझाव छ ।

**उपचार**

डेङ्गु र कोरोनाको अहिलेसम्म कुनै पनि औषधी छैन । डा. पुनका अनुसार दुवै सङ्क्रमणको लक्षणको आधारमा उपचार गरिन्छ । चिकित्सकका अनुसार प्रायः डेङ्गु सङ्क्रमणका लक्षण आफैँ हराएर जान्छन् । डेङ्गु रोग घरमा नै बसेर उपचार गर्न सकिन्छ । सङ्क्रमितले घरमा नै बसेर उपचार गर्दा चिकित्सकको सल्लाह बमोजिम दुःखाइ कम गर्ने र ज्वरो घटाउन प्यारासिटामोल खान चिकित्सकको सुझाव छ ।

बिरामीमा गम्भीर लक्षण देखिएमा तुरुन्त अस्पतालमा लैजान चिकित्सकको आग्रह छ । सङ्क्रमित हुनुका साथै दुःखाइ कम गर्ने ब्रुफिन र एन्टिबायोटिक नखान चिकित्सकको सुझाव छ । दुवै सङ्क्रमणलाई सामान्य ठानेर हेलचेक्राइँ नगर्न चिकित्सकको सुझाव छ । सङ्क्रमित बिरामीले प्रशस्त मात्रामा झोलिलो पदार्थ खानुका साथै घरमा नै आराम गर्न चिकित्सकको आग्रह छ ।

**बच्ने उपाय**

डेङ्गु सङ्क्रमण हुन नदिन घर वरिपरि सरसफाइमा ध्यान दिन, लामखुट्टेको टोकाइबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाउन, झुलभित्र सुत्ने, लामखुट्टे भगाउन धूप वा मलम लगाउन चिकित्सकको सुझाव छ ।

लामखुट्टेले फुल पार्न सक्ने सम्भावित घर, विद्यालय, कार्यालय वरपरका पानी जम्ने सबै ठाउँहरू सफा गर्ने, पानी राख्ने भाँडाहरू बेलाबेलामा सफा गर्ने र लामखुट्टेको फुल नष्ट गर्दा लामखुट्टेलाई नियन्त्रण गर्न सकिन्छ । त्यस्तै कोरोनाबाट बच्न जनस्वास्थ्यका मापदण्ड अपनाउन डा. पुनको सुझाव छ । उनले अनावश्यक रूपमा भिडभाडमा नजान र जानै परेमा मास्क लगाउन आग्रह गरे । त्यसैगरी, बेलाबेलामा साबुनपानीले मिचिमिची हात धुने, जथाभावी नाक मुखमा हात नलैजाने, हाछ्युँ गर्दा, खोक्दा मुख छोपेर मात्र खोक्न डा. पुनको आग्रह छ।
डा. पुनले जोखिम समूहलाई यो रोग लाग्नबाट बचाउन घरमा कसैले रुघाखोकी लगायतका लक्षण देखिएमा छुट्टै बस्न सुझाव दिए । कोरोना भाइरसविरुद्धको खोप लगाएर यसबाट हुने जोखिबाट बच्न सकिने उनले बताए ।

# पाकिस्तानद्वारा इरानसँगको सीमा बन्द

पाकिस्तान । पाकिस्तानले छिमेकी मुलुक इरानसँग जोडिएका आफ्ना सबै सीमा नाका अनिश्चितकालका लागि बन्द गर्दै आफ्ना नागरिकलाई इरान प्रवेशमा रोक लगाएको प्रान्तीय अधिकारीहरूले सोमबार बताएका छन् ।
इजरायल र इरानबीच तीव्र आक्रमण प्रत्याक्रमण चलिरहेका समय अर्को सूचना नभएसम्मका लागि सीमा नाका बन्द गरेको हो ।सीमा वन्दपछि पनि इरानबाट स्वदेश फर्कन चाहने नागरिकका लागि प्रवेश दिइने पाकिस्तानी अधिकारीले बताएका छन् ।
इरानसँग सीमा जोडिएको बलुचिस्तान प्रान्तका वरिष्ठ अधिकारी कादिर बख्श पिरकानीले एएफपीसँग भने, “चाघी, वाशुक, पञ्जगुर, केच र ग्वादर गरी पाँचवटै जिल्लाका सीमा सुविधाहरू स्थगित गरिएको छ।”

चागी जिल्लाको सीमाका एक अधिकारी अट्टा उल मुनिमले इरान प्रवेशलाई अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको जानकारी दिए । उनले भने, “सीमा बन्दले सीमामा हुने ‘व्यापार गतिविधिमा कुनै प्रतिबन्ध गर्ने छैन’ र इरानबाट आफ्नो देश फर्कन आवश्यक पर्ने पाकिस्तानी नागरिकहरू स्वदेश फिर्ता हुन सक्नेछन् ।”

“हामीले आज करिब २०० जना पाकिस्तानी विद्यार्थी आउने अपेक्षा गरेका छौं,” अट्टाले भने । आइतबार पाकिस्तानी विदेशमन्त्री इशाक डारले ४५० पाकिस्तानी तीर्थयात्रीलाई इरानबाट उद्धार गरिएको र अझै धेरैले यसलाई अनुसरण गर्न बाँकी रहेको बताएका थिए ।आणविक हतियार भएको एक मात्र मुस्लिम बहुल देश पाकिस्तानले इजरायलको आक्रमणविरुद्ध ’इरान सरकार र त्यहाँका जनतासँग ऐक्यवद्धता जनाउने’ शुक्रबार बताएको छ ।
पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले इजरायलको आणविक क्षमताप्रति विश्व सचेत र सशंकित हुनुपर्ने चेतावनी दिएका छन् ।इजरायल अघोषित भए पनि मध्यपूर्वको एक मात्र आणविक शक्ति हो ।
यदि द्वन्द्व चर्कियो भने पाकिस्तानले तेहरानलाई समर्थन गर्न सक्ने सञ्चारमाध्यमले जनाएका छन् तर इस्लामाबादका अधिकारीहरूले आफ्नो देशले ‘नैतिक र कूटनीतिक ऐक्यबद्धता’ मात्र देखाएको बताएका छन्।

सुन्नी बहुल पाकिस्तानको शिया बहुल इरानसँग ९०० किलोमिटर (५६ माइल) भन्दा बढी सीमा साझा छादुई छिमेकीबीचको सम्बन्ध जटिल रहेको छ, पाकिस्तान अक्सर तेहरानमाथि अमेरिकी नेतृत्वको प्रतिबन्धबाट सावधान रहन्छ र रियादसँगको सम्बन्धलाई पनि ध्यानमा राख्छ । सायदी अरबले बारम्बार पाकिस्तानी अर्थव्यवस्थालाई बचाउन मद्दत गरेको छ ।

दुई देशबीचको द्विपक्षीय व्यापार करिब तीन अर्ब अमेरिकी डलर रहेको छ र अधिकारीहरूले आगामी वर्षहरूमा यसलाई बढाएर १० अर्ब डलर पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## दलीय...

नै माओवादीलाई सहमतिमा ल्याउन लागिपरे। मुख्यमन्त्री यामलाल कँडेल, कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही र माओवादी संसदीय दलका नेता राजकुमार शर्माबीच छलफल भयो।
मध्यरातमा बल्ल सहमति जुटेपछि प्रदेशसभामा बजेट प्रस्तुत भएको हो। सहमतिपछि मध्यराति बसेको प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले आगामी आवका लागि ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँको बजेट सार्वजनिक गरे। यो चालु आर्थिक वर्षको बजेटभन्दा करिब पाँच प्रतिशत बढी हो। बजेटमा प्रदेशलाई दुध र मासुमा आत्मनिर्भर बनाइने कुरा उल्लेख छ भने निर्यातयोग्य कृषि उत्पादन प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ।
बजेट वक्तव्य पढिए पनि कर्णालीमा विनियोजन विधेयक, अर्थ विधेयक र बजेट प्रदेशसभामा टबेल भने भएको छैन।
बागमती र कर्णालीबाहेक अन्य बाँकी ५ वटा प्रदेशमा भने सहजरुपमा बजेट आयो। कोशी सरकारले आगामी आवका लागि ३५ अर्ब ८७ करोड १९ लाखको बजेट ल्यायो।
पछिल्लो पटक संघ सरकारले नारा हटाउँदै लगेका वेला कोशीले भने नारा नै नारा समेटेर बजेट सार्वजनिक गरेको हो। आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानामगरले आइतवार प्रदेशसभामा पेस गरेको बजेटमा एक दर्जनभन्दा बढी कार्यक्रम नारा समेटिएका छन्।

मधेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाखको बजेट ल्यायो। अर्थमन्त्री सुनिलकुमार यादवले प्रदेशसभामा प्रस्तुत गरेका बजेटले भौतिक पूर्वधारलाई मुख्य प्राथमिकता दिएको छ। कुल बजेटको एक तिहाइ अर्थात् १५ अर्ब ८८ करोड ७१ लख ८५ हजार बजेट भौतिक पूर्वधार विकास मन्त्रालयका लागि विनियोजना गरिएको छ।
यस्तै गण्डकीले ‘आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी’को सोचलाई प्राथमिकता दिएर आगामी आवको बजेट ल्याएको छ। गण्डकीका आर्थिक मामिलामन्त्री डा. टंकराज गुरुङले आगामी आवका लागि ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार रुपैयाँको बजेट सार्वजनिक गरेका हुन्।
यसैगरी लुम्बिनी प्रदेश सरकारले ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रस्तुत गरेको बजेटमा ‘समृद्ध लुम्बिनी : खुसी नागरिक’को दीर्घकालीन आकांक्षा हासिल गर्ने संकल्प गरिएको छ।
उता, सुदूरपश्चिम सरकारले ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार रुपैयाँको बजेट ल्याएको छ। प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले प्रत्यक्ष निर्वाचित प्रदेश सांसदका लागि पाँच करोड र समानुपातिक सांसदका लागि तीन करोड रुपैयाँ बराबरको योजना समावेश गरेर बजेट सार्वजनिक गरेका हुन्।
प्रदेशविरोधी मतबारे के भन्छन् प्रदेश सांसद?
प्रदेशमा दलहरूबीच हुने यस्ता विवादले प्रदेश विरोधी मतलाई बल पुग्ने कुरा नेताहरू पनि स्वीकार्छन्। कांग्रेस बागमती प्रदेशसभाका प्रमुख सचेतक गोविन्द लम्साल यस्ता सानातीना कुरालाई टेकेर विरोधीहरूले विरोध गरे पनि त्यसलाई सहजै सामना गर्न सक्ने सामर्थ्य दलहरूमा रहेको बताउँछन्।

‘हिजो बजेट प्रस्तुत गर्ने सन्दर्भमा काम गर्दै मिलाउँदै जाँदा ढिलो भएको मात्र हो। त्यस्तो ठूलो विवाद केही होइन’, लम्साल भन्छन्, ‘यस्ता कुराले संघीयता र लोकतन्त्रविरोधीलाई अवश्य बल पुग्छ र टेक्ने ठाउँ बनाउँछन् तर पनि गणतन्त्रादीले यसलाई सहजै सामना गर्न सक्छन्, त्यो सामर्थ्य उनीहरूमा छ।’
बागमती प्रदेशसभाकै एमाले सांसद आनन्द श्रेष्ठ पनि दलहरूबीचको विवादले प्रदेश संरचना विरोधीको मनोबल उच्च हुनेमा विमति राख्दैनन्। उनी दलहरू सुध्रिनुपर्नेमा जोड दिन्छन्।
‘हामी (सत्तारुढ कांग्रेस-एमाले) भित्र जसरी बजेटका सन्दर्भमा छलफल, बजेट तर्जुमा गर्दा निर्माण गर्नुपर्ने नीति, आधार, बजेट उल्लोकेसन गर्ने आधार बनाउन नसक्दा हिजो समस्या आएको हो। यस्ता कुराहरूले विरोधीलाई ठाउँ चाहिँ पक्कै दिन्छ, मनोबल बढाउँछ’, उनी भन्छन्, ‘यो व्यवस्थामा रहेका दलहरूको कमजोरीका कारण प्रदेश संरचनाविरुद्ध प्रश्न उठ्दै आएका हो। हामी अभ्यासकै क्रममा रहेकाले पनि कतिपय कमिकमजोरी भएका छन्। अब सुध्रिँदै/सुधार्दै जानुपर्छ। प्रयत्नहरू भइरहेकै छन् तर त्यो पर्याप्त छैन।’

उता, माओवादीका कर्णाली प्रमुख सचेतक कृष्णबहादुर जीसी नागरिकप्रति उत्तरदायी शासन प्रणालीको अभ्यास नगर्नाले प्रदेश संरचनामाथि प्रश्न उठ्दै गएको ठान्छन्। घुमौरो ढंगले सत्तासीन कांग्रेस-एमालेमाथि संकेत गर्दै उनी भन्छन्, ‘भन्दा गणन्त्रवादी भन्ने, व्यवहारमा चाहिँ नागरिक उत्तरदायी शासन प्रणालीको अभ्यास नगर्ने, सुशासनको पक्षमा काम नगर्ने, भ्रष्टाचारको ढोका खुला राख्ने दलहरूका कारण यस्तो समस्या सृजना भइरहेका छन्।’

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष: नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ | कर्कट: नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला । | तुला: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ । | मकर: घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ । |
| वृष: महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | सिंह: आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर | वृश्चिक: सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ। | कुम्भ: राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । |
| मिथुन: आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | कन्या: मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत | धनु: आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन | मिन: परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । |